# आ.व. ०७३।७४ को वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्न जि.वि.स.बाट ६ वटै न.पा.हरुको लागि दिइएको मार्गदर्शन

१. योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिमका प्रक्रियाहरुलाई अनिवार्य रुपमा अनुशरण गर्नु पर्नेछ ।
२. हाल निर्वाचित जनप्रतिनिधि नभएको अवस्थालाई दृष्टिगत गरी वडा नागरिक मञ्चबाट सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट माग भई आएका योजनाहरुमध्येबाट योजना छनौट गर्नु पर्नेछ ।
३. क्रमागत एवं अधुरा योजनलाई प्राथमिकता दिनु पर्नेछ ।
४. कम लगानीमा बढी प्रतिफल दिने तथा बढीमा २ वर्षभित्र सम्पन्न हुने खालका आयोजनालाई मात्र प्राथमिकता दिनु पर्नेछ ।
५. गरिवमुखी नीतिलाई अनुशरण गर्दै विपन्न वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका योजनाहरु छनौट गर्नु पर्नेछ ।
६. लक्षित वर्गलाई तोकिए बमोजिम बजेट विनियोजन गर्दा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्गहरुको सशक्तिकरण, मूल प्रवाहीकरण हुने प्रकृतिका योजनालाई प्राथमिकता दिनु पर्नेछ ।
७. लक्षित वर्गलाई बजेट विनियोजन गर्दा हाल नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चबाट आएका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ ।
८. नपामा सबैले स्वच्छ पिउने पानीको अवसर उपलब्ध हुने खानेपानी आयोजना र सडक पहुँच नपुगेका स्थानमा सडक आयोजना, स्वास्थ्य चौकी नभएका स्थानमा स्वास्थ्य चौकी बनाउने जस्ता आयोजनालाई प्राथमिकता दिनु पर्नेछ ।
९. यसका साथै स्थानीय आवश्यकता पूरा गर्ने र रोजगारी श्रृजना हुने आयोजनालाई प्राथमिकतामा पर्नेछ ।
१०. सानातिना मर्मत सम्भार तथा निर्माण कार्यका योजनाहरु जिल्लास्तरीय भनी सिफारिस नगरी नगरपालिका स्तरीय योजनामा राख्नु पर्नेछ ।
११. राजस्व बाँडफाँड अन्तर्गत जिविसलाई पठाउनु पर्ने मालपोत रकम समयमै जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।
१२. राजस्व बाँडफाँड रकम सम्बन्धित क्षेत्रलाई प्राथमिकता दिने गरी सोही क्षेत्रमा लगानी सुनिश्चित गर्नु पर्नेछ ।
१३. राष्ट्रिय योजना आयोगको निर्देशन प्राप्त भए पछि पठाइनेछ । ती मार्गदर्शन पनि अनुशरण गर्नुपर्नेछ ।
१४. संलग्न प्राथमिकीकरण टेबुलमा योजना राखी योजना प्राथमिकीकरण गर्नु पर्नेछ । बढी अंक प्राप्त गर्ने योजनालाई छनौट गर्नु पर्नेछ ।

तपसिल

| सि. नं | कार्यक्रम/ आयोजना को नाम | योजना/ कार्यक्रम सन्चालन हुने गा.वि.स/ वडा/ वस्ती | कार्यक्रम/आयोजनाका प्राथमिकताका आधारहरु | | | | | जम्मा अङ्क (५०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सन्चालन हुने स्थानको भौतिक पूर्वाधारको अवस्था :<br>• अविकसित: १०<br>• सामान्य: ५<br>• विकसित: १ | कार्यान्वयनबाट रोजगारी श्रृजना हुने/नहुने :<br>• श्रृजना हुने: १०<br>• श्रृजना नहुने: ५ | जनसहभागिता निर्देशिका अनुसार हुने/नहुने :<br>• हुने: १०<br>• कम हुने: ५<br>• नहुने: १ | पिछडिएका वर्गलाई फाइदा हुने नहुने :<br>• लोपन्मुख र सीमान्तकृत वर्गलाई फाइदा: १०<br>• अन्य वर्गलाई: ५ | सम्पन्न भए पछि रोजगारी श्रृजना हुने/नहुने :<br>• हुने: १०,<br>• नहुने: ५ | | |
| | | | | | | | | | |